सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## अनधिकृत तवरले कवाडी उठाउन बन्द गरिएको सूचना !

## सूचना प्रकाशित मिति: २०७९/०३/३१

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-९ को गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र अन्तर्गत दफा ६१ मा गाउँपालिका तथा नगरपालिकाको क्षेत्र अन्तर्गत कुनै पनि व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, बनकस (खर), कवाडीमाल, प्रचलित कानून बमोजिम निषेधित जिवजन्तु बाहेकका अन्य मृत वा मारिएको जिवजन्तुको हाड, सीङ, प्वाँख, छाला जस्ता वा यस्तै प्रकृतिका वस्तुको व्यावसायिक उपयोग गरे वापत गाउँपालिका तथा नगरपालिकाले जडीबुटी कवाडी तथा जिवजन्तु कर लगाइनेछ भन्ने व्यवस्था रहेकोमा विभिन्न व्यक्तिले विना अनुमती अनधिकृत तवरले कवाडीको संकलन र निकासि गरेको भन्ने सुचना जानकारी प्राप्त हुन आएकोले त्यस्तो कार्य नगर्नु नगराउनुहुन सम्बन्धित सबैमा सूचित गराइन्छ । अन्यथा कानून बमोजिमको दण्ड जरिवाना लगाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत